Date |
Page |

आज मिति २०८२ साल साउन १ गते का दिन यस साकेला गाउँपालिकाका अध्यक्ष श्री रविप्रकाश राईको अध्यक्षतामा आर्थिक वर्ष २०८२।०८३ को पहिलो बैठक बसी तपशिल बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिति कार्यपालिका सदस्यहरु :-

१. गाउँपालिका अध्यक्ष श्री रविप्रकाश राई
२. गाउँपालिका उपाध्यक्ष श्री बिर्सिका राई
३. वडानम्बर १ का वडाअध्यक्ष श्री हेमन राई
४. वडानम्बर २ का वडाअध्यक्ष श्री जितेन्द्र कुमार राई
५. वडानम्बर ३ का वडाअध्यक्ष श्री गोविन्द लामाङ
६. वडानम्बर ४ का वडाअध्यक्ष श्री अर्जुन कुमार कटवाल
७. वडानम्बर ५ का वडाअध्यक्ष श्री जीवन खत्री
८. कार्यपालिका सदस्य श्री मनकुमारी राई
९. — " — " — श्री सुजना वि.क.
१०. — " — " — श्री भगवती वि.क.
११. — " — " — श्री सर्मिला कट्टेल
१२. — " — " — श्री दिपक सुनार
१३. — " — " — श्री नरबहादुर दर्जी
१४. सदस्य सचिव नि.प्र.प्र.अ. श्री दुर्गबहादुर राई

आमन्त्रित सदस्यहरु :-

१. सूचना अधिकारी श्री डिल्लीमान राई
२. लेखापाल श्री उत्तम आचार्य
३. प्रशासन शाखा प्रमुख श्री कोपिला राई

सहयोगी कर्मचारी श्री

१. रासन खड्का

प्रस्ताव तथा कार्यसूची :-

१. स्थानीय तहको स्वीकृत दरबन्दीमा सिफारिस भई आएका कर्मचारीहरु को एक तह तलबृद्धि गर्ने सम्बन्धमा ।
२.

Date |
Page |

निर्णयहरु:-

प्रस्ताव नम्बर १ माथि छलफल गर्दा कोशी प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २६ को उपदफा (१) मा व्यवस्था भएबमोजिम लोकसेवा आयोगबाट मिति २०६९/११/१६ मा सिफारिस भई स्थानीय तहको शिक्षा प्रशासन सहायक पाँचौं तहको पदमा पदाधिकार रही कामकाज गरिरहनु भएका श्री कविराज राई (क.सं.नं.२३९१८०) र स्वास्थ्य सेवाको चौथो तहबाट स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको मिति २०६६/११/२१ को निर्णयानुसार मिति २०६९/१०/०४ गतेबाट जेष्ठता कायम हुनेगरी पाँचौं तहमा स्तरवृद्धि हुनुभई कामकाज गरिरहनु भएका श्री कमल प्रसाद फुयाल (क.सं.नं. २१०३९६) ले यस कार्यालयद्वारा मिति २०८२/०२/१४ गते प्रकाशित तहवृद्धिको सूचना बमोजिम निवेदन पेश गर्नु भएको र निवेदनको साथमा पेश गर्नु भएको कागजातको विवरण बमोजिम मिति २०८२/०३/०६ गते बसेको गाउँ कार्यपालिका बैठकद्वारा गठित तह वृद्धि सिफारिस समितिले आवश्यक जाँचबुझ पश्चात २०८२/०३/२० गते गरेको तह वृद्धिको निर्णय बमोजिम सेवा अवधि तथा निर्धारित योग्यता पुगेका तथा शिक्षा बमोजिमका कर्मचारीहरुलाई ऐनमा उल्लेख भएबमोजिम जुन तहबाट तह वृद्धि भएको हो, तह वृद्धि भएको पदबाट जुनसुकै न्यूनतम पदबाट कर्मचारी अलग भएमा तह वृद्धि भएको सो पद स्वतः खारेज भई साविक बमोजिम दुई तह कायम हुने साथै जुन तहबाट तह वृद्धि भएको हो सोही तहको कामकाज गर्नेगरी निजहरुको देहाय बमोजिमको पाँचौं तहको सेवा, समूह र पदबाट सोही सेवा समूहको अधिकृत स्तर छैठौं तहको सेवा सुविधा पाउनेगरी र मिति २०८२/०४/०१ गतेबाट जेष्ठता कायम हुनेगरी देहाय बमोजिम तह वृद्धि गर्ने निर्णय गरियो।

देहाय :-

क्र.सं.	नामथर	संकेत नं.	कार्यरत कार्यालय	साविकको पद तह/सेवा समूह	तहवृद्धि गरिएको पद/सेवा समूह	लागू मिति
१.	श्री कविराज राई	२३९१८०	साकेला गा.पा.	प्र.स. पाँचौं शिक्षा/प्रशासन	अधिकृतस्तर छैठौं शिक्षा/प्रशासन	२०८२/०४/०१
२.	श्री कमल प्रसाद फुयाल	२१०३९६	स्वास्थ्य चौकी रि.दिमी, खोटाङ	सि.अ.हे.व सहायक पाँचौं/स्वा.हे.ई.	सि.अ.हे.व छैठौं अधिकृतस्तर छैठौं स्वा.स्वा.हे.ई.	२०८२/०४/०१